मधेश प्रदेश सरकार
# ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

फोन नं. ०४१-५९१६६५
Website- mowsed.madhesh.gov.np
Email- info.mowsed@madhesh.gov.np

पत्र संख्या:- ०८३/०८४
चलानी नं. २१४

मिति:-२०८३/०६/०८

श्री कार्यालय प्रमुख
श्री जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय, जनकपुरधाम।
श्री ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन, (सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा)।
श्री भूमिगत जलस्रोत विकास केन्द्र, महोत्तरी।

विषय:-नयाँ कार्यालय स्थापना, कार्य सञ्चालन, बरबुझारथ तथा भौतिक संरचना व्यवस्थापन सम्बन्धमा।

उपरोक्त विषयमा, मिति २०८३/०५/१० को प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत नयाँ संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण बमोजिम यस मन्त्रालय मातहतका साबिकका कार्यालयहरूको खारेजी तथा पुनर्संरचना भई नयाँ कार्यालयहरू (जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय-१, ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन-७ र भूमिगत जलस्रोत विकास केन्द्र-१) स्थापना भएको व्यहोरा अवगत नै छ।

साबिकका कार्यालयहरूबाट सम्पादन हुँदै आएका कार्यहरू नयाँ संरचना बमोजिम सञ्चालन गर्न, कार्य हस्तान्तरण (बरबुझारथ) गर्न र भौतिक संरचनाको स्पष्ट व्यवस्थापन गर्न यस मन्त्रालयको मिति २०८३/०६/०८ को मा. मन्त्रीस्तरीय निर्णयानुसार देहाय बमोजिम गर्ने/गराउने गरी निर्णय भएको हुँदा **पत्र प्राप्त भएको मितिले ३ (तीन) दिनभित्र अनिवार्य रूपमा नयाँ कार्यालय स्थापना गरी** सोही अनुसार कार्यान्वयन गर्नु/गराउनुहुन निर्देशानुसार अनुरोध छ।
साथै, मन्त्रिपरिषद्बाट स्वीकृत संगठन तथा दरबन्दी तेरिजको १-१ प्रति यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत जानकारी गराइन्छ।

**१. भौतिक संरचना तथा स्पेस व्यवस्थापन:**

- **जलस्रोत तथा ऊर्जा विकास निर्देशनालयको हकमा:** निर्देशनालयले साबिकको 'जलस्रोत तथा सिंचाई विकास डिभिजन' र 'खानेपानी तथा सरसफाई डिभिजन कार्यालय' ले प्रयोग गरिरहेको दुवै भौतिक संरचना तथा परिसरलाई आफ्नो प्रशासनिक तथा कार्यसञ्चालन प्रयोजनार्थ एकीकृत रूपमा उपयोग गर्ने।
- **ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन (सप्तरी, सिरहा, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाको हकमा):** नयाँ स्थापित 'ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन' को मुख्य प्रशासनिक भवन र सेवा प्रवाह केन्द्र साबिकको 'जलस्रोत तथा सिंचाई विकास डिभिजन' रहेको परिसरमा स्थापना गर्ने। सम्बन्धित जिल्लाहरूमा रहेका साबिकका 'भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन' र 'खानेपानी तथा सरसफाई डिभिजन कार्यालय' का भौतिक संरचना तथा स्पेसलाई डिभिजन

राम कुमार खंग
सि.डि.ई.

फोन नं. ०४१-५९११६६५
Website- mowsed.madhesh.gov.np
Email- info.mowsed@madhesh.gov.np

पत्र संख्या:- ०८३/०८४
चलानी नं. २९४

कार्यालयले आवश्यकता अनुसार स्टोर (भण्डारण), प्रयोगशाला (Laboratory), र अनुसन्धान केन्द्र (Research Center) को रूपमा प्रयोगमा ल्याउन सक्ने।

- **ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन (महोत्तरी जिल्लाको हकमा)**: नयाँ स्थापित 'ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन' को मुख्य प्रशासनिक भवन र सेवा प्रवाह केन्द्र साबिकको 'जलस्रोत तथा सिंचाई विकास डिभिजन' रहेको परिसरमा स्थापना गर्ने। सम्बन्धित जिल्लाहरूमा रहेका साबिकका 'खानेपानी तथा सरसफाई डिभिजन कार्यालय' का भौतिक संरचना तथा स्पेसलाई डिभिजन कार्यालयले आवश्यकता अनुसार स्टोर (भण्डारण), प्रयोगशाला (Laboratory), र अनुसन्धान केन्द्र (Research Center) को रूपमा प्रयोगमा ल्याउन सक्ने।
- **भूमिगत जलस्रोत विकास केन्द्रको हकमा**: महोत्तरी जिल्लाको हकमा साबिकको 'भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन' को परिसरमा नयाँ स्थापित 'भूमिगत जलस्रोत विकास केन्द्र' स्थापना गर्ने।

२. कार्य हस्तान्तरण सम्बन्धी व्यवस्था:

- **जलस्रोत तथा ऊर्जा विकास निर्देशनालयको हकमा**: साबिकका धनुषा जिल्ला कार्यक्षेत्र भएका 'जलस्रोत तथा सिंचाई विकास डिभिजन', 'भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन', र 'खानेपानी तथा सरसफाई डिभिजन कार्यालय' हरूले धनुषा जिल्ला भित्र सम्पादन गर्दै आएका सम्पूर्ण चालु तथा बहुवर्षीय आयोजनाहरू, प्रशासनिक कार्यहरू, र सेवा प्रवाह गर्दै आएका कार्यहरू नयाँ स्थापित 'जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय' बाट सम्पादन गर्ने गरी कार्य हस्तान्तरण गर्ने।
- **ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन (ससरी, सिरहा, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाको हकमा)**: सो जिल्ला कार्यक्षेत्र भएका साबिकका 'जलस्रोत तथा सिंचाई विकास डिभिजन', 'भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन', र 'खानेपानी तथा सरसफाई डिभिजन कार्यालय' हरूले सो जिल्ला भित्र सम्पादन गर्दै आएका सम्पूर्ण चालु तथा बहुवर्षीय आयोजनाहरू, प्रशासनिक कार्यहरू, र सेवा प्रवाहलाई सो जिल्लामा रहने नयाँ स्थापित 'ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन' ले सम्पादन गर्ने भएकोले सोही बमोजिम हस्तान्तरण प्रक्रिया सम्पन्न गर्ने।
- **ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन (महोत्तरी जिल्लाको हकमा)**: सो जिल्ला कार्यक्षेत्र भएका साबिकका 'जलस्रोत तथा सिंचाई विकास डिभिजन', 'भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन', र 'खानेपानी तथा सरसफाई डिभिजन कार्यालय' हरूले सो जिल्ला भित्र सम्पादन गर्दै आएका एवं 'भूमिगत जलस्रोत विकास केन्द्र' को जिम्मेवारीमा नपर्ने सम्पूर्ण चालु तथा बहुवर्षीय

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

पत्र संख्या:- ०८३/०८४
चलानी नं. २१४

फोन नं. ०४१-५९१६६५
Website- mowscd.madhesh.gov.np
Email- info.mowsed@madhesh.gov.np

आयोजनाहरू, प्रशासनिक कार्यहरू, र सेवा प्रवाहलाई सो जिल्लामा रहने नयाँ स्थापित 'ऊर्जा, सिँचाई तथा खानेपानी डिभिजन' ले सम्पादन गर्ने भएकोले सोही बमोजिम हस्तान्तरण प्रक्रिया सम्पन्न गर्ने।

- **भूमिगत जलस्रोत विकास केन्द्रको हकमा:** महोत्तरी जिल्लामा साबिकको 'भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन' बाट नयाँ स्थापित 'भूमिगत जलस्रोत विकास केन्द्र' को जिम्मेवारीमा पर्ने कार्यहरू यस केन्द्रमा हस्तान्तरण गर्ने।

**३. सम्पत्ति तथा श्रेस्ता बरबुझारथ:**

- साबिकका कार्यालयहरूका नाममा रहेका सम्पूर्ण चल/अचल सम्पत्ति, जिन्सी सामग्री र आर्थिक तथा प्रशासनिक श्रेस्ताहरू प्रचलित कानुन बमोजिम नयाँ स्थापित सम्बन्धित कार्यक्षेत्र भएका कार्यालयमा औपचारिक रूपमा बरबुझारथ गर्ने/गराउने।

**४. कार्यालय स्थापना तथा सूचना सम्बन्धी व्यवस्था:**

- नयाँ स्थापित निर्देशनालय, डिभिजन कार्यालयहरू तथा केन्द्रले आफ्नो कार्यालय औपचारिक रूपमा स्थापना भई कार्य सञ्चालन भएको व्यहोरा प्रचलित कानुन बमोजिम सम्बन्धित सरोकारवाला निकायहरूमा लिखित रूपमा जानकारी गराउने।

संलग्न: १. स्वीकृत संगठन संरचना तथा दरबन्दी तेरिज - १ (एक) प्रति।

..........................
(राम कुमार खंग)
राम कुमार खंग
सि.डि.ई.

**बोधार्थ तथा कार्यान्वयनका लागि:**

१. श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेस प्रदेश, जनकपुरधाम: *जानकारीका लागी ।*
२. श्री अर्थ मन्त्रालय, मधेस प्रदेश, जनकपुरधाम: *नयाँ संगठनात्मक ढाँचा अनुसार बजेट व्यवस्थापन तथा प्रणालीमा आवश्यक व्यवस्थापन प्रयोजनार्थ।*
३. श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेस प्रदेश, जनकपुरधाम: *साबिकका कार्यालयहरूको खाता/श्रेस्ता समायोजन तथा नयाँ स्थापित कार्यालयहरूको आर्थिक कारोबार/खाता सञ्चालन आवश्यक व्यवस्थापन प्रयोजनार्थ।*
४. श्री साबिकका जलस्रोत तथा सिंचाई विकास डिभिजनका प्रमुखज्यूहरू (सबै ८ जिल्ला) — *यसै पत्रलाई आधार मानी आवश्यक कार्यार्थ।*

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

फोन नं. ०४१-५९१६६५
Website- mowsed.madhesh.gov.np
Email- info.mowsed@madhesh.gov.np

पत्र संख्या:- ०८३/०८४
चलानी नं. २१४

५. श्री साबिकका भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजनका प्रमुखज्यूहरू (सिरहा, महोत्तरी, सर्लाही र पर्सा) — *यसै पत्रलाई आधार मानी आवश्यक कार्यार्थ।*

६. श्री साबिकका खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुखज्यूहरू (सप्तरी, महोत्तरी, सर्लाही र बारा) — *यसै पत्रलाई आधार मानी आवश्यक कार्यार्थ।*

७. श्री आर्थिक प्रशासन शाखा, मन्त्रालय।

८. श्री जिन्सी शाखा, मन्त्रालय।